श्री ५ को सरकार

# उद्योग मन्त्रालयको

## सूचना

श्री ५ को सरकारले औद्योगिक व्यवसाय ऐन, २०३८ को दफा १० को खण्ड (घ) को उप-खण्ड (४) को प्रयोजनको लागि खण्ड ३१, मिति २०३८।८।२९, संख्या ३५ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित उद्योगको उत्पादन, मिश्रण तथा प्रशोधन प्रक्रियामा प्रत्यक्ष रूपले प्रयोग हुने कोरा माल, सहायक कोरा माल तथा रासायनिक पदार्थहरूको पैठारीमा बिक्री कर लाग्ने सम्बन्धी यस मन्त्रालयको सूचनाको क्रमसंख्या १३ पछि देहायको क्रमसंख्या १४, १५ र १६ का उद्योगहरू तोकिएको छ ।

१४. कृत्रिम रेशामा आधारित होजियरी ।

१५. प्लाष्टिक र पी. भी. सी. कम्पाउण्डमा आधारित उद्योग ।

१६. कर्कट पाता (कोरोगेशन मात्र गर्ने) ।

आज्ञाले,
सूर्यप्रसाद श्रेष्ठ
श्री ५ को सरकारको सचिव

३८

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार